# THE SCHOOL DISTRICT OF PHILADELPHIA

## OFFICE OF THE SUPERINTENDENT


**440 NORTH BROAD STREET, SUITE 301**

**PHILADELPHIA, PENNSYLVANIA 19130**

**WILLIAM R. HITE, JR., Ed.D.**
***SUPERINTENDENT***

**TELEPHONE (215) 400-4100**
**FAX (215) 400-4104**


अगस्ट ६, २०१५

प्यारा फिलाडेल्फिया बिद्यालय जिल्ला समुदाय:

कक्षा ३ देखी ८ का विद्यार्थीहरुलाई गत बर्ष दिइएको नयाँ पि एस् एस् ए (PSSA) परिक्षाको प्रारम्भिक परिणामको बारे केही जानकारी प्रदान गर्नको लागि लेखी रहेको छु। २०१५ परिक्षा २०१४ को परिक्षा भन्दा धेरै फरक थियो। २०१५ को नयाँ परिक्षाहरु पेनसलभेनीयाको कठोर मुख्य स्तरमा आधारित थियो। २०१४ को परिक्षा पेनसलभेनिया राज्यको कठिन मुख्य स्तरमा आधरित छ जस्मा राज्यको शिक्षा बोर्डले कलेज वा पेशाको लागि तैयारहुन चाहिने शिक्षा र योग्यता सम्मिलित गरेको छ।

परिक्षाको स्तर धेरै कठिन भएको कारण, प्रारम्भिक परिणामले पेन्सलभेनिया राज्य भरी कम विद्यार्थीहरुले, दुबै अङ्ग्रेजी र गणितमा प्रविणता र धेरै प्रविण्ता तह प्राप्त गरेको देखाएकोमा आश्चर्य हुनु पर्दैन। यो नयाँ पि एस् एस् ए (PSSA) परिक्षामा हाम्रो प्रदर्सनी राज्य भरीको परिणाम सँग मिलेको छ।

यि परिणाम हेर्दा हामीले यि महत्वपूर्ण कुराहरु याद राख्नु पर्ने हुन्छ:

1. १ नयाँ पि एस् एस् ए (PSSA) परिक्षामा प्रदर्सनीको तह घटेकोहुँदा, विद्यार्थीहरुले कम पढेको सन्केत होइन। यो नयाँ परिक्षा फारक र धेरै चुनौतीपूर्ण सामाग्री र योग्यताहरुमा आधरित छ र त्यसै कारण पुरनो परिक्षाको परिणाम सँग प्रत्यक्ष रुपमा तुलना गर्न मिल्दैन। विद्यार्थी र शिक्षकहरु धेरै कष्ट गरी रहेका छन्; र विद्यार्थीको ज्ञान र योग्यताको नाप गर्ने बिभिन्न तरिकाहरु छन् र हाम्रा विद्यार्थीहरु सँग शैक्षिक बिकास गर्ने योग्यता छ भनेर हामीलाई थाहा छ।

2. २ यस किसिमको महत्वपूर्ण संक्रमनको लागि समय लाग्छ र शिक्षक तालिम, पाठ्यक्रम सामाग्री, विद्यार्थी तालिम र अरु सहयोगमा लगानी गर्नु पर्ने हुन्छ भनेर हामीलाई थाहा छ। यो कठिन नयाँ स्तर सँग हाम्रो पाठ्यक्रम र सहयोग सामाग्री मिलाउने प्रक्रियामा हामी अझै लागि रहेका छौँ। गत बर्षको परिक्षाको परिणामलाई आधारभुत बनाइ हामी हाम्रा विद्यार्थीहरुलाई कलेज र पेशाको लागि तैयार बनाउन र हाम्रा विद्यार्थीहरुले मौका पाउनेछन् भनेर सुनिश्चित गर्न हामी चाहन्छौ।

3. नयाँ कठिन पि एस् एस् ए (PSSA) परिक्षामा परिवर्तन गर्दा हाम्रो विद्यार्थीहरुले मौका प्राप्त गर्नमा कमी नहोस् भनेर सुनिस्चित गर्न, हामीले हाम्रो उच्च माद्यामिक बिद्यालयको भर्नाको स्तरको

समिक्षा गर्ने छौ र चाहिएको खण्डमा सो स्तरको परिवर्तन गर्ने छौं- हालको स्तरले बिभिन्न कारक र प्रदर्सनीहरुकोबारे बचार गरिसकेको हुन्छ।

4. पि एस् एस् ए (PSSA) परिक्षाको परिणामले शिक्षकको प्रदर्सनीको दर्जालाई असार गर्छ भनेर चिन्ता गर्न सक्नु भएको हुन्छ, तर शिक्षकहरुले यसको प्रभाव देख्ने छैनन्। राज्यको मुल्याङ्कनमा राज्य व्यपी विद्यार्थी सँग, सो विद्यार्थीको बिकासको तुलना गरिन्छ, र हाम्रो प्रदर्सनी राज्य व्यापी परिणाम सँग मिलेको थियो।

गाह्रो र फरक परिक्षा लिएको बापद कक्षा ३ देखी ८ का कम्तीमा ६००० विद्यार्थीहरु अङ्ग्रेजी भाषामा तल्लो प्रदर्सनी तह बाट त्येस्को माथिको प्रदर्सनी तहमा पुगेका छन्।

२०१४-२०१५ को साहित्यको (Literature) किस्टोन (Keystone) परिक्षामा भाएको हाम्रो प्रदर्सनी को कारण पनि हामीले सफलता मनाउनु पर्ने भएको छ। (किस्टोन (Keystone) परिक्षा पेनसलभेनिया राज्यको नयाँ कठिन मुख्य स्तरमा आधरित भै सकेको छ, त्येसै कारण एक देखी अर्को बर्ष सँग तुलना गर्न मिल्ने छ।) पहिलो पल्ट परिक्षा दिने विद्यार्थीहरु मध्ये, साहित्य बिषयमा हाम्रो प्रविणता ७ प्रतिशतले बढेको थियो र हाम्रा तीन चौथे उच्च माद्यामिक बिद्याल्यहरुले गत बर्षको तुलनामा साहित्य प्रविणतामा वृद्धि देखे।

आउने महिनामा पेनसलभेनिया शिक्षा बिभागले हाम्रो अन्तिम पि एस् एस् ए (PSSA) र किस्टोन (KEYSTONE) परिक्षा प्रकाशित् गर्ने छ। शिक्षा बिभागले बिद्यालयहरुलाई सेप्टेम्बर महिनाको बिच तिर व्येक्तिगत् विद्यार्थी रिपोर्ट प्रदान गर्ने छ र बिद्यालयहरुले आमा बुवा र अभिभावकहरुलाई यि रिपोर्ट बितरित गर्ने छ। नयाँ पि एस् एस् ए (PSSA) परिक्षा र परिणामको बारे शिक्षा बिभागले परिवार, विद्यार्थी र शिक्षकहरुकोलागि (मा उपलब्द भएको http://www.education.pa.gov/Pages/PSSA-Information.aspx#.VcOymhNViko) उपयोगी दिशानिर्देश तैयार गरेको छ, जुन हामी हाम्रो वेबसाईटमा प्रकाशन गर्ने छौं।

कलेज र पेशाको लागि तैयार बनाउन चाहिने योग्यता र शिक्षा देखाउने भएको हुनाले हामीले पेनसलभेनीया राज्यको मुख्य स्तर अप्नाएका छौं। हाम्रा विद्यार्थीहरुले कलेज र नियोक्ताहरुको हालको आपेक्षा पुरा गर्ने तैयार छन् भनेर सुनिश्चित गर्न हामी अनुदान प्राप्त गर्न जारी राख्ने छौं।

विद्यार्थी र बिद्यालयहरु प्रती तपाईंको जारी समर्थनको लागि धन्यवाद।

इमान्दारिताका साथ,



William R. Hite, Jr., Ed.D.

# नयाँ पि एस् एस् ए **(PSSA)** परिक्षाको बारे आमा बुवाहरु ले थहा पाउनु पर्ने पाँचवटा महत्वपूर्ण कुराहरु

1. १ बिगतको बसन्त ऋतुमा, पेनसलभेनियाका ३ देखी ८ कक्षामा, अङ्ग्रेजी भाषा कला र गणितमा नयाँ पि एस् एस् ए (PSSA) परिक्षा प्रशासन गरिएको थियो। राज्यको शिक्षा बोर्डले २०१३ सालको शरद ऋतुमा, थप रुपमा कठिन भएको, मुख्य स्तर अप्नएको थियो र यो पि एस् एस् ए (PSSA) परिक्षा सो स्तर सँग यो परिक्षाको संरेखन गरिएको छ। यो मुख्य स्तर पेनसलभेनियाका विद्यार्थीहरुलाई कलेजको लागि र पेशाको लागि तैयार बनाउन बनाइएको हो।

2. २ तपाईंको बालकको प्रदर्सनी घट्दैमा, तपाईंको बालकले कम पढेको सन्केत होइन। संक्रमणहरु हुन समय लाग्छ। पाठ्यक्रम बिकास र सहयोग सामाग्री परिवर्तन गर्नु पर्ने हुन्छ। २०१४ देखी २०१५ को शैक्षिक बर्ष यो परिक्षाको पहिलो बर्ष थियो। नयाँ परिक्षाको अंक र बिगतका बर्षहरुको अंकको प्रत्येक्ष तुलना गर्न उपयोगी हुने छैन किन भने सो परिक्षा अरु स्तरमा संरेखना गरिएको थियो। २०१५ सालको परिक्षाको परीणाम, यो समयकोलागी उदाहरण राखिने छ र भविष्यको शैक्षिक बिकासको लागि स्तर बन्ने छ।

3. ३ नयाँ स्तर र अंक बिकास गर्ने प्रक्रिया विस्तृत रुपमा र ध्यानपूर्णताका साथ पेनसलभेनीयाका शिक्षकहरुको समिती द्वारा बनाइेको हो। विद्यार्थी र शिक्षकहरु नयाँ स्तर सँग परिचित भए पछी र नयाँ स्तरमा संक्रमनको लागि थप सहयोग सामाग्री दिए पछी विद्यार्थीहरुले शैक्षिक बिकासको अनुभव गर्ने छ।

4. ४ मानकीकृत परिक्षा विद्यार्थीको सफलताको एक्लो सन्केत होइन। विद्यार्थीहरु बिभिन्न कुरामा राम्रो हुन्छन् र बिभिन्न तरिकामा फलिफाप हुन्छन्। विद्यार्थीहरुलाई बिभिन्न नापहरु प्रयोग गरी पूर्ण रुपमा मुल्याङ्कन गर्न महत्वपूर्ण हुन्छ।

5. ५ तपाईंको बालकको शैक्षिक बिकास गर्न तपाईंले उनिहरु सँग पि एस् एस् ए (PSSA) परिणामको समिक्षा गर्नु पर्ने हुन्छ र बिद्यालयमा राम्रो गर्न जारी गर्न प्रोत्साहन गर्नु पर्ने हुन्छ।

# तपाईंले परिक्षाको अंक प्राप्त गर्नु भए पछी: तपाईंको बालक सँग कसरी कुरा गर्ने

गएको बसन्त ऋतुमा पेनसलभेनीया राज्यको कक्षा कोठाहरुमा, कक्षा ३ देखी ८ लाई अङ्रेजी भाषा र गणितमा नयाँ पि एस् एस् ए (PSSA) परिक्षाको प्रशासन गरिएको थियो। यो परिक्षा पेनसलभेनीया राज्यको, थप रुपमा कठिन भएको, मुल स्तरको अनुसार पुरा रुपमा संरेखित गरिएको र राज्यको शिक्षा बोर्ड ले सेप्टेम्बर २०१३ मा अपनाएको पहिलो पि एस् एस् ए (PSSA) परिक्षा हो।

पेनसिलभेनिया राज्यका विद्यार्थीहरुलाई उच्च माद्यामिक बिद्यालय पछी र स्नातक भए पछी कलेजको लागि वा पेशाको लागि तयार हुन यो नयाँ स्नातक बनाइएको हो। थप रुपमा कठिन बनाइएको नयाँ स्तरहरुमा संक्रमण गर्न, समय लाग्छ भनेर याद राख्न र आफ्नो बालकलाई बुझाउन महत्वपूर्ण हुन्छ।

तपाईंको बालकलाई परिक्षामा कस्तो प्रदर्सनी गरेको छ- राम्रो गरेको छ वा सुधार गर्ने मौका छ, भनेर बुझाउन पनि धेरै महत्वपूर्ण हुन्छ।

तपाईंको बालकको अंक हेरी रहनु भएको बेला तपाईंको बालक सँग यि महत्वपूर्ण कुराहरु जोड दिन सक्नु हुन्छ:

- शिक्षाको स्तर परिवर्तन भएको छ। यि स्तरहरु अझै गाह्रो छ र धेरै आपेक्षा राख्ने छ।
- परिक्षा परिवर्तन भएको छ। परिक्षाका प्रश्नहरु स्तर अनुसार बनाइएको छ र धेरै प्रश्नहरु अरु सालको परिक्षाको प्रश्नहरु भन्दा गाह्रो छ।
- परिक्षाको अंक संगै हेर्नु होला। तपाईंको बालकलाई परिक्षाको बारे आफ्नो बिचार र प्रश्नहरु चुनौतीपूर्ण थियो वा थिएन भनेर सोध्नु होला।
- परिक्षाको अंक आपेक्षा गरेको भन्दा कम भएको खण्डमा हतोत्साहित नहुन भन्नु होला। यो बर्षाको परिक्षा अरु साल भन्दा गाह्रो थियो भनेर याद राख्नु होला र मेहनत जारी राखेको खण्डमा बालकले आपेक्षाहरु पुरा हुन सक्ने कुरा याद राख्नु होला।
- बिद्यालयमा हुँदा र उच्च माद्यामिक बिद्यालय पछी सफल हुन के गर्नु पर्छ भनेर सोच्न, तपाईं र शिक्षकहरुले तपाईंको बालकलाई सहयोग गर्न सक्नु हुन्छ। यि परिक्षाहरुले विद्यार्थीहरुलाई, स्नातक पछीको जीवनको लागि तैयार हुन सहयोग गर्छ। उच्च माद्यामिक बिद्यालयबाट स्नातक हुन जती समय बाँकी भए पनि यि परिक्षाहरुले बिद्यालय र शिक्षकहरुलाई, विद्यार्थी तैयार छ वा छैन भनेर निर्धारित गर्न सहयोग गर्छ।
- तपाईंको बालकलाई बिद्यालयमा कष्ठ गरी राख्न प्रोत्साहन गर्नु होला र सहयोग चाहिएको खण्डमा शिक्षकलाई भन्नु होला।